
# क्षयरोग जापानका साथै विश्वको प्रमुख सरुवा रोग हो ।

## विदेशमा जन्मेका व्यक्तिहरुमा क्षयरोगका रोगीको संख्या बढ्दो

ओसाका नगरमा पनि विदेशमा जन्मेका क्षयरोगका बिरामी बढिरहेकोछ ।

क्षयरोग लागेका ८ **जनामा १ जना** विदेशमा जन्मेका बिरामी छन् ।

ओसाका नगर विदेशमा जन्मेका क्षयरोगका बिरामीको संख्या र प्रतिशत





स्रोत: क्षयरोग रोकथाम समिति क्षयरोग अनुसन्धान केन्द्र, महामारी रोगविज्ञान सूचना केन्द्र

## युवा पुस्ताहरुमा बढी रहेको विदेशमा जन्मेका क्षयरोगका बिरामी

ओसाका नगरमा सन् २०२२ मा क्षयरोग भनि निदान गरिएका बिरामीहरुमा **२०~२९ उमेर**कामा **८० प्रतिशत** विदेशमा जन्मेका व्यक्तिहरु रहेका छन् ।

ओसाका नगर क्षयरोग बिरामीका बर्गिकरण (सन् २०२२)





क्षयरोगका बिरामी दर्ता सूचना प्रणालीबाट तयार गरिएको

## विश्वको कुल जनसंख्याको ४ भागमा १ भागलाई क्षयरोग सर्ने

## विशेष गरि एशियामा क्षयरोग प्रसार दर (incidence rate) उच्च

सन् २०२१ मा जापानको incidence rate कम भएको थियो । तर, अहिले पनि एक बर्षमा १०,००० जना भन्दा बढि बिरामीहरु रहेको प्रतिवेदनले जनाएकोछ । एसियाका देशहरुमा अहिले पनि क्षयरोगका बिरामीहरु धेरै देखापरिरहेका छन् । एशियाका प्राय देशहरुमा क्षयरोग प्रसार दर (incidence rate) मध्यम वा उच्च रहेका छन् ।




स्रोत: WHO Global Tuberculosis Report 2022

## विदेशी नागरिकहरुमा

### क्षयरोगको बारेमा ज्ञान

HP का लागि यहाँ चेक गर्नुहोस् ▶ https://www.jatahq.org/about_tb/qa

- अंग्रेजी भाषा
- चिनियाँ भाषा
- कोरियन भाषा
- इन्डोनेशियन भाषा
- पोर्चुगली भाषा
- तागालोग भाषा
- बर्मेली भाषा
- भियतनामी भाषा
- स्पैनिस भाषा
- हिन्दी भाषा
- नेपाली भाषा
- थाई भाषा
- मंगोलियन भाषा
- रूसी भाषा

### विदेशीहरुका लागि क्षयरोग सम्बन्धी टेलिफोन परामर्श निशुल्क

- अंग्रेजी भाषा
- भियतनामी भाषा
- चिनियाँ भाषा
- कोरियन भाषा
- नेपाली भाषा
- बर्मेली भाषा

TEL:03-3292-1219 प्रत्येक हप्ताको मंगलबार 10:00-12:00/13:00-15:00

# क्षयरोग सम्बन्धी ५ वटा प्रश्न र उत्तरहरु

## Q1 क्षयरोग भनेको के हो ?

**A1**

हावामा रहेका क्षयरोगका किटाणुहरु फोक्सोमा प्रबेश गरेर लाग्ने रोग हो ।
फोक्सो बाहेक पनि लिम्फ नोड, हाड तथा जोर्नी, मृगौला आदिका साथै अन्य अंङ्गहरुमा रोगको गुँड बनाउने, रक्त नली मार्फत सम्पूर्ण शरीरमा फैलिने पनि हुन्छ ।

## Q2 क्षयरोगका लक्षणहरु के के हुन ?

**A2**

निम्न उल्लेखित मध्ये कुनै लक्षण देखिएमा यथाशिध्र जाँच गराऔं ।




यस्ता लक्षणहरु देखा परेमा पनि साबधान !

- तौल घट्दै आएमा
- खाना अरुचि हुँदै आएको जस्तो अनुभब भएमा
- सुत्दा पसिना आउने

## Q3 क्षयरोग कसरी सर्दछ ?


**A3**

क्षयरोगले ग्रस्त भएका बिरामीले खोक्दा वा हाछ्यूँ गर्दा क्षयरोगका किटाणुहरु मिसिएका साना छिटाहरु हावामा फैलन्छ ।
उक्त क्षयरोगका किटाणुहरु श्वासबाट तानिनजाँदा वरिपरिका मानिसहरुमा पनि फैलन्छ ।
यसलाई "हावावाट संक्रमण" भनिन्छ ।

## Q4 क्षयरोगलाई निको पार्न सकिन्छ ?

**A4**

क्षयरोग भनि निदान गरिएता पनि धेरै थरिका औषधीहरु ६ महिना देखि ९ महिना सम्म प्रत्यक दिन नछुटाईकन सेवन गरेमा निको हुन्छ ।
अन्य मानिसलाई नसार्ने भएमा बहिरङ्ग सेवा धाउदै काम वा विद्यालयमा जान सकिन्छ ।




- क्षयरोगको उपचार खर्च चाहिं आबेदन दिएको खण्डमा सरकारी खर्चबाट व्योहोरिने छ ।
- उपचारलाई शतप्रतिशत पूर्ण गराउन चिकित्सा संस्था र होकेन फुकुसी सेन्टर (स्वास्थ्य समाजकल्याण केन्द्र) को समन्वयमा औषधी सेवनको रेखदेख गरिनेछ ।

## Q5 दैनिक जिवनमा ख्याल राख्नुपर्ने कुराहरु के के हुन ?

**A5**

रोग विरुद्ध लड्ने क्षमता घटन नदिन सहि तरीकाले दैनिक जिवन विताउने कुरामा ध्यान दिउँ ।



- उपयूक्त व्यायाम
- पर्याप्त सुताई
- धुम्रपान नगर्ने
- संतुलित पौष्टिक पदार्थ यूक्त भोजन

क्षयरोग छिटो पत्ता लगाउनका लागि बर्षको १ पटक नियमित स्वास्थ्य परीक्षण (छातिको एक्स-रे) गराउने गरौ ।

### ओसाका नगरमा क्षयरोगको जाँच गरिने गरिएकोछ !

अग्रिम दर्ता गर्नु आवश्यक छैन | निशुल्क

विद्यालय वा कामगर्ने स्थानमा स्वास्थ्य जाँच गराउने ब्यवस्था नभएका १५ वर्ष भन्दा बढि उमेरका नगरबासी

स्थान: आफू बसि रहेको वडाको होकेन फुकुसी सेन्टर

विवरण: छातिको एक्स-रे जाँच

स्थान, मिति र समयका निम्ति ओसाका नगरको HP मा चेक गर्नुहोला । ▶ ओसाका नगर क्षयरोग स्वास्थ्य जाँच

Language

ओसाका नगरपालिका होकेन सेन्टर (जनस्वास्थ्य केन्द्र) सरुवा रोग नियन्त्रण शाखा, क्षयरोग समुह TEL : 06-6647-0653